**एड्स तथा यौन रोगबाट बच्न र बचाउन**
- सुरक्षित यौन सम्पर्क गरौं ।
- यौन सम्पर्क गर्दा कण्डमको प्रयोग गरौं ।
- जीवाणुरहित सुईको मात्र प्रयोग गरौं ।
- एच.आइ.भी. नियमित परीक्षण गरौं ।

**यौन रोगको लक्षण देखिएमा चिकित्सकसँग परामर्श गरौं।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY
राष्ट्रिय 'क' वर्ग
# प्रतीक
दैनिक
eprateekdaily.com




❖ वर्ष ३६ ❖ २०७९ मङ्सिर १८ गते आइतवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 December 04 Sunday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ९६

# पराल बिक्री गर्न पाउँदा किसानहरू खुशी

प्रस, सेढवा, १७ मङ्सिर/

पर्साको ग्रामीण भेगमा सडकको विकास भएसँगै धानको पराल बिक्री नष्ट गर्ने गरेको उनले बताए। तर अहिले सो पराल बिक्री गरेर आम्दानी भइरहेको किसान कुर्मीले खुशी व्यक्त गरे। छ। खेत, घर, खलियानमा पुगेर पराल खरीद गर्नेहरूले किसानसँग सस्तोमा खरीद गरेर व्यापारीलाई बढीमा बिक्री



खेतबाट पराल ट्रकमा लोड गरी लग्दै व्यापारी। तस्वीरः ओमप्रकाश चौधरी

गर्न पाउँदा किसानहरू खुशी भएका छन्।

ग्रामीण भेगमा हुलाकी सडक अन्तर्गत पोखरिया–लङ्गडी–भिस्वा सडक, वीरगंज–ठोरी सडकखण्ड, जनता सडक, थरुहट सडकखण्डको निर्माणसँगै कृषि उत्पादन देशका अन्य भागसम्म पुग्न थालेका छन्।

यसअघि यस भेगका किसानले धानको पराल, गहुँको छवाली, रबीबालीका भुस त्यतिकै जलाएर नष्ट गर्ने गरेका थिए। तर अहिले यी सबै पदार्थ बिक्री हुन थालेका छन्। धोबिनी गाउँपालिका–३ हरिहरपुरका किसान रामजनमप्रसाद कुर्मीका अनुसार व्यापारीहरूले खेतबाट पराल खरीद गरी लैजाने गरेका छन्। विगतमा वस्तुभाव बढी भएकाले तिनीहरूको लागि राख्ने र बढी भएको परालला‌ई खेतमैं जलाएर

जगरनाथपुर गापा–६ का किसान गुलाबप्रसाद यादवले पराल बेचेर खासै धेरै आम्दानी नभए पनि गहुँबालीको लागि खेत जोताइ र रासायनिक मलको खर्च टार्न सकिने बताए। व्यापारीहरूले ज्यामी लगाएर पराल ओसार्ने भएकाले बिक्री गर्न सहज भएको यादवले बताए। तर यसरी बिक्री गर्दा दाम राम्रो नलाग्ने गरेको यादवको भनाइ छ। हार्भेस्टर मेशिनबाट कटानी गरेको धानको पराल आफैंले जम्मा गर्दा महँगोमा पराल बिक्री हुने गरेको यादव बताउँछन्।

जीराभवानी गापा–२ सेढवाका किसान प्रदीपदास थारूले व्यापारीहरूले यस भेगका किसानहरूलाई ठग्ने गरेको आरोप लगाए। उनले परालको मात्रा धेरै भएका व्यापारीहरूले सर्वसाधारण किसानहरूलाई ठग्ने गरेको उनको बुझाइ गर्दै आएका छन्। परालको मूल्य सस्तो भएको कारण कतिपय किसानहरूले अहिले पराल बिक्री नगरी भण्डार गरेर राखेका र उचित मूल्यमा बिक्री गर्ने सोच बनाएको थारूले बताए।

जीराभवानी गापा–२ वसन्तपुरका उपेन्द्र यादवले आफैंले ज्यामी लगाइ पराल खरीद गरी ठोरी क्षेत्रका वस्तुभाउ पालेका किसानलाई बिक्री गर्दै आएको बताए।

जीतपुरसिमरा उपमहानगरपालिका–१० निवासी व्यापारी महेश मण्डलले चितवन, काठमाडौंसम्म माग भए अनुसार पराल, छवाली तथा रबीबालीको भुस खरीद गरी पुऱ्याउने गरेको बताए। परालको चाङ हेरेर किसानहरूले मूल्य तोक्ने र सो अनुसार तोलमोल गरी खरीद गर्ने गरेको व्यापारी मण्डलले बताए। यी पराल तथा भुसलाई शहरमा खोलिएका गाईभैंसी फर्ममा पनि बिक्री गर्ने गरेको उनले बताए।

# एमाले पर्साको समीक्षा बैठक
## जिल्ला सचिव र पालिका अध्यक्षलगायत ४० जना कारबाईमा

प्रस, वीरगंज, १७ मङ्सिर/

नेकपा एमाले पर्साको सचिवालय बैठक शनिवार पार्टी कार्यालय मनमोहननगर रामगढवामा सम्पन्न भयो। बैठकले सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनको समीक्षा गर्दै कमिटीका सचिव तथा जनप्रतिनिधि लगायत ४० जनालाई कारबाई गरेको छ।

पार्टीले खडा गरेको उम्मेदवारलाई असहयोग गरेको आरोपमा उनीहरूमाथि कारबाई भएको हो। सोमध्ये १४ जनालाई पार्टीको साधारण सदस्यसमेत नरहने गरी अनिश्चितकालको लागि कारबाई गरिएको र २६ जनालाई स्पष्टीकरण सोध्ने निर्णय भएको एमाले, पर्साले जनाएको छ। यसभन्दा पहिले सचेत गराउँदै स्पष्टीकरण सोधिएकोमा जवाफ नदिएका र व्यवहार सुधारसमेत नगरेकाहरूलाई सङ्गठनको सम्पूर्ण जिम्मेवारीबाट मुक्त गर्दै पार्टीको साधारण सदस्यबाट हटाइएको जनाइएको छ।

यसरी कारबाईमा पर्नेहरूमा एमाले पर्साका सचिव तथा छिपहरमाई गाउँपालिकाका जननिर्वाचित अध्यक्ष मनोज गुप्ता, जिल्ला सचिवालय कमिटी सदस्य तथा सखुवाप्रसौनी गाउँपालिकाका निर्वाचित अध्यक्ष यशवन्त यादव, छिपहरमाई–५ का अध्यक्ष तथा जिल्ला कमिटी सदस्य मौजीलाल साह कानू, सखुवाप्रसौनी–१ का अध्यक्ष तथा गाउँपालिका कमिटीका अध्यक्ष वासुदेव महतो थारू, जिल्ला कमिटी सदस्यहरू पूर्व जिल्ला कमिटी सदस्य मुस्तकिम अन्सारी, अमानत अन्सारी, ताजुद्दीन अन्सारी, इमरान हुसेन, नविजान मियाँ, मञ्जुर आलम, रामप्रीत महतो थारू, सुभाष साह कानू, वीरेन्द्र साह कानू, पवन तिवारी रहेका छन्।

बैठकले २६ जनालाई स्पष्टीकरण सोध्ने निर्णय गरेको छ। यसरी स्पष्टीकरण सोधिनेहरूमा जिल्ला कमिटीका सदस्य छजना र बाँकी मातहतका कमिटीका पदाधिकारी तथा सदस्यहरू रहेका छन्। स्पष्टीकरण सोधिनेमा ठोरी गाउँपालिका कमिटी पनि परेको छ।

त्यसैगरी, जिल्लाभन्दा उपल्लो कमिटीका दुईजना नेतालाई कारबाईका निम्ति सम्बन्धित कमिटीले सिफारिश गर्ने निर्णय गरेको छ। यसरी कारबाईका लागि सिफारिशमा पर्ने नेताद्वयमा केन्द्रीय सदस्य तथा पर्सा जिल्ला इन्चार्ज प्रभु हजरा र प्रदेश कमिटीका सदस्य बसरुद्दीन अन्सारी रहेका छन्।

पार्टी तथा गठबन्धनविरुद्ध स्वतन्त्र उम्मेदवारी दिएका, अर्को पार्टीमा प्रवेश गरेका र स्वतन्त्र गतिविधिमा लागेका १३ जना नेता, कार्यकर्ताहरूलाई यसअघि नै एमालेको सम्बन्धित कमिटीले कारबाई गरिसकेको बैठकमा जानकारी गराइएको थियो। जिल्ला कमिटी अध्यक्ष जयप्रकाश थारूको अध्यक्षक्षमा भएको समीक्षा बैठक सो पार्टीका केन्द्रीय सदस्य तथा पर्सा जिल्ला इन्चार्ज प्रभु हजराको मुख्य आतिथ्य थियो भने विशिष्ट अतिथिमा केन्द्रीय सदस्य तथा जिल्ला सहइन्चार्ज एवं पर्सा क्षेत्र नं ३ बाट नवनिर्वाचित प्रतिनिधिसभा सदस्य राजकुमार गुप्ता, केस अरविन्द सिंह, निर्मला देवकोटा,

(बाँकी अन्तिम पातामा)

# अध्यक्ष भट्टराई मृतावस्थामा फेला

प्रस, वीरगंज, १७ मङ्सिर/

मधेस प्रदेश मिडिया काउन्सिलका अध्यक्ष शिवहरि भट्टराई मृत अवस्थामा फेला परेका छन्। सर्लाहीको लालबन्दी नगरपालिका–१३ पत्थरकोटस्थित होलिडे रिसोर्टमा उनको शव प्रहरीले फेला पारेको हो।

भट्टराई नेपाल पत्रकार महासङ्घ सर्लाही शाखाको शनिवार हुने ११औं वार्षिक साधारणसभामा सहभागी हुन आएको र शुक्रवार बेलुका उक्त रिसोर्टमा बसेका थिए।

सप्तरी घर भएका ६७ वर्षीय भट्टराई मधेस प्रदेश मिडिया काउन्सिलको अध्यक्ष हुन्।

शुक्रवार राति खाना खाएर सुतेका भट्टराई शनिवार बिहान अबेर ढोका नखोलेपछि झ्यालबाट हेर्दा मृत अवस्थामा देखेपछि प्रहरीलाई खबर गरिएको थियो।

भट्टराईको मृत्यु रिसोर्टकै कोठामैं भएको जिल्ला प्रहरी कार्यालय, सर्लाहीका प्रहरी नायब उपरीक्षक विजय श्रेष्ठले बताए। उनको कोठाबाट रक्तचाप र मधुमेह रोगका औषधिसमेत फेला परेको प्रनाउ श्रेष्ठले बताए।

शवलाई परीक्षणका लागि प्रादेशिक



अस्पताल मलङ्गवा लगिएको इप्रका, लालबन्दीका प्रहरी निरीक्षक शान्तराम कार्कीले बताए।

# अहमदिया सङ्घको आयोजनामा रक्तदान




तस्वीरः प्रतीक

प्रस, वीरगंज, १७ मङ्सिर/

'सबैलाई प्रेम गर, कसैलाई घृणा नगर' भन्ने नारासहित शनिवार विन्ध्यवासिनी गाउँपालिका–५ प्रसौनीभाठामा अहमदिया सङ्घ नेपालको आयोजना तथा नेपाल रेडक्रस सोसाइटीको समन्वयमा भएको रक्तदान कार्यक्रममा दुईजना महिलासहित ३० जनाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र, वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेयले बताए। अहमदिया सङ्घ नेपालका अध्यक्ष कमरूल होदा अन्सारीको अध्यक्षतामा भएको कार्यक्रमको गापा अध्यक्ष प्रमोद तिवारीले उद्घाटन गरेका थिए।

कार्यक्रममा वडाध्यक्ष मोहनराउत अहिर, अहमदिया सङ्घ नेपाल, पर्साका इन्चार्ज हासिम अहमदलगायतको सहभागिता थियो।

## छोटकरी

### घरेलु मदिरा बरामद

प्रस, सिम्रौनगढ, १७ मङ्सिर/

बारा, जीतपुरसिमरा उपमहानगरपालिका–३ ललकापुलबाट प्रहरीले ठूलो परिमाणमा घरेलु मदिरा बरामद गरेको छ।

अमलेखगंजबाट जीतपुरतर्फ आउँदै गरेको वा प्र ०३–००१ च १४६९ नम्बरको पिकअपबाट एक हजार ६४० लिटर घरेलु मदिरा बरामद भएको बारा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक राजेश थापाले बताए। उनले वरिष्ठ प्रहरी हवलदार विनयकुमार सिंह नेतृत्वको टोलीले सो परिमाणको मदिरा बरामद गरेपछि पिकअप भ्यान र चालक हेटौंडा उपमहानगरपालिका–१८ निवासी सनम महतलाई पक्राउ गरेको बताए।

# बलात्कार अभियोग लागेका वडाध्यक्ष श्रेष्ठ अझै फरार
## वडा कार्यालयको काम कार्यवहाकबाटै सुचारु

प्रस, निजगढ, १७ मङ्सिर/

निजगढ नगरपालिका–२ सिगौलका वडाध्यक्ष राजु भनिने राजन श्रेष्ठविरुद्ध नाबालिकामाथि बलात्कार अभियोगको किटानी जाहेरी परेको दुई महीनाभन्दा बढी भएपनि उनी अझै पक्राउ परेका छैनन्।

वडाध्यक्ष श्रेष्ठले सोही वडाकी छिमेकी १५ वर्षीया बालिकालाई ललाइफकाइ गएको दशैंताका गलत मनसायका साथ कानूनविपरीत हर्कत गरेको भन्दै किटानी जाहेरी इलाका प्रहरी कार्यालय, निजगढमा परेको थियो। सोही बखतदेखि वडाध्यक्ष फरार छन् भने उनलाई अहिलेसम्म प्रहरीले पक्राउ पनि गर्न सकेको छैन। गत स्थानीय तहको निर्वाचनमा वडाध्यक्षमा निर्वाचित भई जिम्मेवारी सम्हालेको छ महीना बित्न नपाउँदै उनीमाथि गम्भीर प्रकृतिको आरोप लागेको हो। आरोप लागेसँगै फरार भएका उनको अहिलेसम्म अत्तोपत्तो लाग्न सकेको छैन। उनको मोबाइल चालू अवस्थामा छ तर फोन रिसिभ भने गर्दैनन्।

वडाध्यक्ष श्रेष्ठ सम्पर्कविहीन भएसँगै वडा कार्यालयबाट जनताले पाउनुपर्ने विभिन्न कार्यबाट वञ्चित छन्। उनको अनुपस्थितिमा जनताको काम नरोकिओस् भन्ने अभिप्रायले वडापालिका सदस्यहरूको बैठकले कात्तिक १५ गतेदेखि वडासदस्य पुष्कल खड्कालाई कार्यवाहक वडाध्यक्षको जिम्मेवारी तोकेका छन् र अहिलेसम्म उनैले वडा कार्यालयमा वडाध्यक्षको कार्यभार सम्हाल्दै आएका छन्।

प्रहरीमा किटानी जाहेरी दिएको दुई महीना बिते पनि फरार वडाध्यक्ष श्रेष्ठलाई पक्राउ गर्न ढिलाइ गरिरहेको पीडित पक्षको भनाइ छ। दोषीलाई जुनसुकै हालतमा पनि चाँडोभन्दा चाँडो कानूनी दायरामा ल्याउनुपर्ने पीडित पक्षको माग छ। यता आफूहरूले वडाध्यक्ष श्रेष्ठको घर र उनी बस्न सक्ने सम्भावित स्थानहरूमा निगरानी गरिरहे पनि फेला पर्न नसकेको, खोजी कार्यलाई भने तीव्रताका साथ जारी राखेको इलाका प्रहरी कार्यालय, निजगढका प्रहरी निरीक्षक सञ्जीव ओलीले बताए। पीडित बालिकाले किटानी जाहेरी दिएसँगै हामी उनको खोजी कार्यमा सक्रिय छौं, प्रनि ओलीले बताए।

वडाध्यक्ष श्रेष्ठकी भान्जीको साथी पीडित बालिका वडाध्यक्ष श्रेष्ठको घरमा आवतजावत गर्थिइन्। हाल ती बालिका बनेपाको एक विद्यालयमा अध्ययनरत छिन्। दशैं बिदामा निजगढ नपा–२ सिगौल घर आएकी बालिकालाई पढ्नका लागि बनेपा पुऱ्याउन गएकी आमालाई निज बालिकाले आफूलाई वडाध्यक्ष श्रेष्ठले एक वर्षदेखि गर्दै आइरहेको अमर्यादित व्यवहार र दशैंको टीकाको दिन गरेको अभद्र व्यवहारबारे बताएपछि घटना बाहिर आएको हो।




त्यतिखेर वडाध्यक्ष श्रेष्ठले आफूले कुनै गलत मनसायले ती बालिकालाई कुनै अमर्यादित क्रियाकलाप नगरेको बताएका थिए। तर उजूरी परेपछि भने उनी फरार छन् र सम्पर्कमा आएका छैनन्।

आरोपित वडाध्यक्ष श्रेष्ठ यतिका दिनसम्म पनि प्रहरीको सम्पर्कमा नआएकाले प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोसमेत उनको खोजी कार्यमा जुटिसकेको प्रहरी स्रोतको भनाइ छ। उनी देशबाहिर जान सक्ने भएकाले पनि सीमानाका र हवाई अड्डाहरूमा समेत वडाध्यक्ष श्रेष्ठको निगरानी बढाइएको छ।

## विचारसार र सूक्तिहरू

**सच्चा निद्रा र सच्चा स्वाद चाहनुहुन्छ भने पसिना बगाउन नबिर्सिनुहोला। पसिनाविनाको कमाइ पापको कमाइ हो ।**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# पर्यावरण संरक्षण एवं हाम्रो संस्कृति

हाम्रो संस्कृतिमा 'बाँच र बाँच्न देऊ' सिद्धान्त सर्वोपरि रहिआएको छ, जुन केवल प्राणीहरूमा मात्र सीमित छैन । यसमा चर, अचर, जड–चैतन्य प्रकृतिको हरेक घटक सामेल छन्। मनुष्य जीवन र प्रकृतिबीच सामञ्जस्य यसको मूलमन्त्र रहेको छ, जसमा प्रकृतिको अङ्ग बनेर रहने भाव छ, प्रकृतिसँग त्यत्तिकै मात्र लिनुपर्छ, जति हामीलाई आवश्यक पर्छ। हावा, पानी, पृथ्वी, अग्नि, आकाश जस्ता मूलतत्त्वबाट सृष्टिको रचना भएको कारण पूर्वीय दर्शन एवं चिन्तनमा यसको शुद्धता एवं प्रदूषणरहिततामाथि विशेष ध्यान दिइएको छ। हाम्रो संस्कृतिले सचेत गर्छ कि प्राकृतिक सन्तुलन बनाए मात्र पर्यावरणीय संरक्षण सम्भव छ, जुन हामी वर्तमान एवं भविष्यमा हुने दुष्परिणामबाट बच्न सक्छौं ।

**शान्तिकुञ्जको युग निर्माण आन्दोलन अन्तर्गत सप्तसूत्रीय कार्यक्रम अन्तर्गत पर्यावरण संरक्षण एउटा महत्त्वपूर्ण अभियान हो । यसको प्रत्यक्षरूपमा हरीतिमा संवर्द्धन, जलस्रोतको शुद्धीकरण र परोक्षरूपमा यज्ञ अभियान प्रकृति एवं पर्यावरण सन्तुलनको अभिनव पहल हो, जसमा प्राचीन ऋषिहरूको वाणी नै ध्वनित हुन्छ ।**

प्रकृतिसँग सहअस्तित्व, सामञ्जस्य र सौहार्दपूर्ण मातृभावयुक्त सम्माननीय दृष्टि नै पूर्वीय संस्कृतिको विधान हो । हाम्रो प्राचीन ऋषिमुनिहरू वनको बीचमा रहेर जीवनको उच्चतर सत्यको संधान गरे । प्रकृतिसँग न त हाम्रो कुनै सङ्घर्ष रह्यो तथा न प्रकृतिमाथि विजय पाउने विचारबाट हाम्रो संस्कृति निर्मित भएको छ। जहाँ विजित–विजेताको, नियन्त्रित–निमायकको भाव हुनेछ, त्यहाँ सङ्घर्ष हुन्छ नै । गाँधीले उचित भनेका थिए प्रकृतिसँग सबै आवश्यकता पूर्ति गर्ने साधन छ तर लालसाको पूर्ति हुँदैन । पूर्वीय संस्कृतिले लालसामाथि रोक लगाउँछ, जसबाट प्रकृतिको दोहन रोकिन्छ ।

पर्यावरणप्रति पूर्वीय दृष्टिमाथि प्रकाश पार्दै कवि टैगोरले भनेका थिए वन र प्राकृतिक जीवन मानवजीवनको एउटा निश्चित दिशा दिन्थ्यो, मानवजीवन प्राकृतिक जीवनको वृद्धिको साथ निरन्तर सम्पर्कमा थियो । त्यो आफ्नो चेतनाको विकास वरपरको भूमिबाट गर्दथ्यो, उसले विश्वको आत्मा तथा मानवको आत्माको बीचको सम्बन्ध महसूस गरेको छ । मानव र प्रकृतिको मध्यको यस तारतम्यले पर्यावरणलाई आत्म–अर्पित गर्ने शान्तिपूर्ण एवं राम्रो तरीकालाई जन्म दिएको छ ।

वस्तुतः पूर्वीय संस्कृतिमा पर्यावरण संरक्षणप्रति विशिष्ट भाव अन्तर्निहित रहेको छ। प्रकृति नियम अनुरूप जीवन व्यतीत गर्नेहरूको कुरा गर्दा यजुर्वेदमा भनिएको छ– प्रकृति देवीको सौन्दर्य हेर, त्यसबाट प्रसन्नता प्राप्त गर, जुन मूर्तरूपमा भगवान्को काव्य हो । अथर्ववेदमा भनिएको छ, हे पृथ्वी ! तिम्रो धर्तीमा विचरण गर्नेवाला सबै साना–ठूला प्राणी, जसमा मनुष्य पनि समावेश हुन्छन्, परमपिता परमात्माको अंशबाट उत्पन्न भएका हुन् । उनीहरूलाई तिम्रो जल, वायु र सौर्य ऊर्जाबाट सुखरूपी पोषण प्राप्त होस् ।

श्रीमद्भागवत् अनुसार हामी सबै परमात्माको खेल–खेलौना हौं र उनको रचनालाई सुन्दर र समुन्नत बनाउनको लागि विशेष उद्देश्यले पठाइएका हौं । हामी सबै त्यस एक परमपिता परमेश्वरबाट उत्पन्न भाइ–भाइ हौं, त्यसको अङ्ग–अवयव हौं । यदि यस्तो भाव रहन्छ भने प्रकृतिप्रति स्वस्फूर्त संवेदना रहनेछ तर यस्तो भएन भने पर्यावरण प्रदूषण हुनेछ र त्यसपछि प्रकृतिको दोहन हुन सक्दैन ।

यसै प्रकार शान्तिपाठमा पर्यावरणको महत्त्वको भाव मात्र निहित छ र साथै प्रकृतिको कोपबाट हुने भयङ्कर परिणामबाट बच्ने उपाय पनि । शान्तिपाठ अनुसार वायु हाम्रोलागि सुखस्वरूप हो। सूर्य सुखको ताप। अत्यन्त गर्जन गर्ने पर्जन्य देव पनि हाम्रोलागि सुखी दिन राम्ररी वर्षोस् । द्यौ लोक, अन्तरिक्षक लोक र पृथ्वी लोक सुखदायक होस् । जल, औषधि र वनस्पतिले शान्ति देओस्। समस्त देवता, ब्रह्म र सबैथोक शान्तिदायक होस्। जुन शान्ति सर्वत्र विश्वमा फैलिएको छ, त्यो सबैलाई प्राप्त होस् । सबैलाई बराबर शान्तिको अनुभव भइरहोस् ।

सृष्टिका हरेक घटकमा दैवी आस्था राख्ने वैदिक संस्कृतिमा पर्यावरणलाई तयार गर्ने पृथ्वी, वायु, जल, आकाश, चन्द्र र सूर्य आदि मूलभूत तत्त्वलाई देवताको संज्ञा दिइएको छ। हाम्रो शरीर र जीवनको पोषण गर्ने यी तत्त्वहरूको संरक्षणको लागि तन–मन–धनबाट अर्पित हुने आदेश दिइएको छ । यसको शुद्धि, पवित्रताको भाव यसमा निहित छ, जसको लागि यज्ञ, हवन आदि गर्न निर्देश गरिएको छ ।

पर्यावरणको महत्त्वलाई हेर्दै प्रातःकाल पञ्चतत्त्वलाई स्मरण गर्ने पनि यहाँ विधान रहेको छ। वामन पुराणमा भावना गरिएको छ कि पृथ्वी आफ्नो सुगन्ध, जल आफ्नो बहाव, अग्नि आफ्नो तेज, अन्तरिक्ष आफ्नो शब्द–ध्वनि र वायु आफ्नो स्पर्श गुणको साथ हाम्रो प्रातःकाललाई पनि आशीर्वाद दिन्छ।

यजुर्वेदको ऋचा पनि पर्यावरणको महत्त्वलाई उद्घाटित गर्दै भनेको छ, जो नैतिक मर्यादालाई स्वीकार गर्ने इच्छा राख्छौं भने यो वायु उसको लागि सुखदायी हुनेछ, जलधारा उसको लागि सुखदायी हुनेछ । वनस्पति नीतिपरायण जीवन जिउनेवाला हामी सबैको लागि सुखदायी हुनेछ। रात हाम्रोलागि सुखदायी हुनेछ र यो मिर्मिरे हाम्रोलागि सुखदायी हुनेछ। हे सृष्टिकर्ता ! हाम्रोलागि पृथ्वी र स्वर्ग सुखदायी होस् । वन देवता हाम्रोलागि सुखदायी होस्, सूर्यदेव हाम्रोलागि सुखदायी होस् र धेनु हाम्रोलागि सुखदायी होस्।

वैदिक ऋचामा पारायणबाट स्पष्ट हुन्छ कि प्राचीनकालमा हाम्रा ऋषिगण प्रकृति र पर्यावरणलाई कति महत्त्व दिन्थे। प्रकृतिले जीवनलाई पोषित गर्दथ्यो र स्वस्थ पर्यावरण हाम्रो अस्तित्वको आधार हो, यसलाई उनीहरूले राम्ररी बुझेका थिए र प्रकृतिलाई परमेश्वरी भन्दै देवशक्तिको रूपमा ऋषिगण यसको उपासना र अर्चना गर्दथे ।

शान्तिकुञ्जको युग निर्माण आन्दोलन अन्तर्गत सप्तसूत्रीय कार्यक्रम अन्तर्गत पर्यावरण संरक्षण एउटा महत्त्वपूर्ण अभियान हो । यसको प्रत्यक्षरूपमा हरीतिमा संवर्द्धन, जलस्रोतको शुद्धीकरण र परोक्षरूपमा यज्ञ अभियान प्रकृति एवं पर्यावरण सन्तुलनको अभिनव पहल हो, जसमा प्राचीन ऋषिहरूको वाणी नै ध्वनित हुन्छ।

परमपूज्य गुरुदेवको शब्दमा प्रकृतिको विविध घटकहरूमा परमेश्वरको पराचेतनालाई अनुभव गरौं, तब जन्तु एवं वनस्पतिप्रति संवेदनशील भाव विकसित हुन सक्छ। प्रकृतिका विभिन्न घटकको उपयोग गरेका नै छैनौं बरु संरक्षणको पनि जिम्मेवारी हाम्रो हो। भूजल, जङ्गल, जमीन, नदी आदि प्रति आक्रामक रवैया छाडेर यसको विकासमाथि ध्यान दिएर यसप्रति आत्मीयतापूर्ण व्यवहार गरौं । यसैमा प्रकृति एवं पर्यावरण संरक्षणको समाधान सूत्र निहित छ, जसको प्रतिपादन हाम्रो संस्कृति आदिकालदेखि गर्दै आइरहेको छ।

# अस्थिरताको जगमा सत्ताको जोडघटाउ

**समयान्तर**




ओमप्रकाश खनाल
omkhanal@gmail.com


**अहिलेको चुनावमा देखिएको सत्ता गठबन्धन पनि स्वार्थको गठजोडबाहेक केही होइन । जहाँनिर नेताको वैयक्तिक लाभको स्वार्थमा धक्का लाग्छ, गठबन्धन त्यहिंबाट मक्किन थाल्नेछ । त्यति बेला पनि प्रचण्ड अस्थिरताको मुख्य खेलाडीको रूपमा प्रकट हुने अनुमान कठिन छैन, जब राजनीतिमा सत्ता र शक्तिको स्वार्थ प्रधान हुन्छ ।**

प्रत्यक्षतर्फ निर्वाचनको परिणाम अन्तिम चरणमा छ । निर्वाचन परिणामलाई हेर्दा अहिलेको सत्ता गठबन्धनले नै नयाँ सरकार बनाउने सम्भावना बलियो देखिएको छ। कुनै पनि दल, त्यसमा पनि सत्ता गठबन्धन एक हुँदा पनि बहुमत पुग्न नसक्का परिदृश्यमा आगामी सत्ता पनि अस्थिरताको प्रस्थानबिन्दु बन्ने सम्भावना नै बलियो देखिएको छ ।

सबैभन्दा ठूलो दल बन्नुका कारण नेपाली काङ्ग्रेसको नेतृत्वमा आगामी सरकार गठन हुने अनुमान अस्वाभाविक होइन। तथापि काङ्ग्रेसभित्रै प्रधानमन्त्रीका दाबेदारका रूपमा आधा दर्जनभन्दा बढी नेता आकाङ्क्षी देखिएका छन् । काङ्ग्रेसमा प्रधानमन्त्रीको बलियो दाबेदारका रूपमा रहेका सभापति शेरबहादुर देउवाका लागि आफ्नो दलभित्रका आकाङ्क्षीहरूको व्यवस्थापन एउटा बेग्लै चुनौती हुनेछ । यो सत्ता साझेदार दलभन्दा पनि काङ्ग्रेसभित्रको आन्तरिक समस्या त हो, तर यसले सत्ता राजनीतिको स्थायित्वमा भने प्रत्यक्ष परोक्ष प्रभाव पारेकै हुन्छ ।

दोस्रो, समकालीन राजनीतिको प्रवृत्ति नै अस्थिरता उत्पादकको रूपमा अघि आएको छ । नेपालको राजनीतिक इतिहासदेखि वर्तमानसम्मलाई नियाल्दा सत्ताको स्थायित्व कायम हुन नसक्नु मुख्य समस्याको रूपमा छ । २००७ सालको राजनीतिक परिवर्तनपछि नेपाली काङ्ग्रेसभित्रको कलह र असन्तोषमा खेलेर तत्कालीन राजाले संविधानसभाको सट्टा आम चुनाव मात्र गराएन्, त्यो चुनावबाट दुई तिहाइ बहुमतसहित सत्तामा पुगेको नेपाली काङ्ग्रेसको सरकारलाई अपदस्थ गरी निर्दलीय पञ्चायती व्यवस्था लागू गरे ।

पञ्चायत फाल्न राजनीतिक दलहरूले ३० वर्ष सङ्घर्ष गर्नुपऱ्यो। २०४६ सालमा बहुदल आएपछि पनि दलीय झगडाको पुनरावृत्ति हुन पुग्यो। नेपाली काङ्ग्रेसको नेतृत्वमा बनेको बहुमतको सरकार ढल्यो। त्यसमा अरू कारण थिएन, काङ्ग्रेसभित्रकै कलह मुख्य थियो ।

२०५१ सालको मध्यावधिदेखि २०५६ को आम चुनाव र त्यसपछिका अन्तरदलीय झगडा र त्यसैबीचमा चर्किएको माओवादीको हिंसात्मक द्वन्द्वलाई नै राजा ज्ञानेन्द्रले सत्ता हातमा लिने हतियार बनाएका थिए । स्मरण गरौं, त्यति बेला राजाले मुसो खेलाएजस्तै पटकपटक 'अक्षम' करार गरिएका शेरबहादुर देउवा नै अहिले देशको प्रधानमन्त्री छन् । र कुनै चामत्कारिक राजनीतिक उठापटक नभए उनी नै छैटौंपटक प्रधानमन्त्रीको कुर्सीमा उक्लिने तरखरमा छन् । सबैभन्दा बढी सत्तामा पुगेको दल र त्यसको अगुवा हुनुका कारण अहिलेका बेथितिको मुख्य जिम्मेवार शेरबहादुर नै बढी हुन् । यो बहसको अलग तर अनिवार्य विषय हो। आगामी दिनको सत्तामा अस्थिरताको एक मुख्य कारण, शेरबहादुर देउवा स्वयम् पनि बन्नेमा विवाद आवश्यक छैन ।

२०६१ माघ १९ को राजाको कदमविरुद्धमा माओवादीसहित सात दलको आन्दोलनको फेरो समाएर राजतन्त्र नै फाले पनि दलीय प्रवृत्ति फेरिएन। चार वर्षमा बनाउने भनिएको संविधान बनाउन १० वर्ष मात्र लागेन, यो देशमा अशान्ति, कलह र आन्दोलनको कारण बन्यो । संविधानले देशलाई धर्मनिरपेक्ष सङ्घीय लोकतान्त्रिक गणतन्त्र बनायो । आज पनि यी मुद्दा पेचिलो बनेर आएका छन् । अहिलेको चुनावमार्फत बन्न गइरहेको संसद्मा धर्म निरपेक्षता र सङ्घीयताविरोधी दलको उपस्थिति बाक्लै हुने देखिएको छ। यो पनि वर्तमान सरकारको स्थायित्वका लागि प्रमुख चुनौतीमध्येको एक हुनेछ।

निर्वाचनको पूर्ण परिणाम आइनसक्दै सत्ता गठबन्धनका दलहरूबीच प्रमुख पदको बाँडफाँड र त्यसलाई कसरी आआफ्नो पोल्टामा पार्न सकिन्छ भन्नेमा रस्साकस्सी शुरू भइसकेको छ । प्रधानमन्त्रीमा सबैभन्दा ठूलो दल नेपाली काङ्ग्रेस निश्चित प्रायः भएपछि राष्ट्रपति र सभामुखमा माओवादी केन्द्र र माधव नेपालको समाजवादी केन्द्रले दाबी गर्न थालेका छन् । नेकपा विभाजनपछि सबैभन्दा रक्षात्मक अवस्थामा आइपुगेको समाजवादीले राष्ट्रपतिको कुर्सी ताकिरहेको छ। सभामुखमा माओवादी केन्द्रको रुचि देखा परेको छ । उपराष्ट्रपति र उपसभामुखमा पनि सत्ता गठबन्धनबीच भागबन्डाको जोडघटाउको चलखेल शुरू भइसकेका खबर सञ्चारमाध्यममा आइराखेकै छन्।

मुख्य पदमा तानतानसँगै सत्ता गठबन्धन दलका नेताहरू सत्ता गणित जुटाउन तल्लीन देखिएका छन् । प्रधानमन्त्री शेरबहादुर देउवा र माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले प्रत्यक्षमा एक सीट र समानुपातिकतर्फ चार सिट जितेको जनमत पार्टीका अध्यक्ष सिके राउतसँग भेट गरे । तीन सिट रहेको नागरिक उन्मुक्ति पार्टीको समेत समर्थन जुटाउन माओवादी अध्यक्ष प्रचण्ड र एकीकृत समाजवादीका माधवकुमार नेपालले त्यस दलका नेता रेशम चौधरीलाई जेलमैं पुगेर भेट गरेको समाचार सञ्चारमाध्यममा आएका छन्। यो दल समर्थित चारजना सांसद चुनिएका छन्। यता स्वतन्त्र उम्मेदवारी दिएर जितेका रौतहटका प्रभु साह, साहनिकट मानिएका अर्का सांसद किरणकुमार साह र बागी खडा भएर जितेका अमरेशकुमार सिंहलाई पनि सत्ता गठबन्धनका नेताले आफ्नो पक्षमा पार्न पहल थालिसकेका छन्।

गठबन्धन गरेर चुनावमा गएका काङ्ग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी, लोकतान्त्रिक समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाको मात्रै बहुमत नपुग्ने अवस्थामा केही नयाँ दलहरूलाई तानतुन पारेर बहुमत पुऱ्याउनुपर्ने बाध्यता छ । शीर्ष नेताहरू र नयाँ पार्टीका अगुवाहरूको भेट तीव्र बनाउनुको तात्पर्य यही नै हो । कुनै पनि दलको स्पष्ट बहुमत नआउनु र त्यसमा पनि राजनीतिमा भर्खरै उदाएका दलहरूको सत्ता सहभागिता सरकारलाई अस्थिर बनाउने अर्को जोखिम हो ।

हुनत सरकार गठनको दुई वर्षसम्म अविश्वास प्रस्ताव ल्याउन नमिल्ने व्यवस्था संविधानमा छ । तर त्यसपपछिको सत्तायात्रालाई स्थिरताको सहुलियत नरहन सक्छ। सत्तालोलुपको छवि बनाएका शेरबहादुर देउवा र सत्ताका लागि जुनसुकै ठाउँबाट 'यू टर्न' मार्न सक्ने खुबीका पर्याय प्रचण्ड दुवै सत्ता गठबन्धनमा रहनु राजनीतिक स्थिरताको निम्ति अर्को चुनौती हो । माओवादी केन्द्रका नेताहरूले चुनावमा सत्ता गठबन्धनका दल इमानदार नभएको भन्दै एमालेसित सत्ता सहकार्यका लागि पनि लचिलो रहेको खबरले गठबन्धनमा हलचल ल्याएकै हो।

स्मरण हुन्छ, प्रचण्ड तिनै खेलाडी हुन्, जसले आफ्नै समर्थनमा बनेको सरकारलाई ढालेर काङ्ग्रेससँग ९/९ महीनाको आलोपालो प्रधानमन्त्रीमा हाम्फालेका थिए । त्यही आलोपालोमा काङ्ग्रेस सभापति देउवालाई प्रधानमन्त्री बनाएर २०७४ को स्थानीय चुनावमा छोरी रेणुलाई जिताउन काङ्ग्रेससँग सहकार्य मात्र गरेनन्, राज्य शक्ति लगाएर धाँधली गरेका प्रचण्ड लगत्तै भएको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा एमालेसित घाँटी जोड्न पुगेका थिए। वाम गठबन्धनको नाममा त्यतिखेरको चुनावी सहकार्यले केन्द्रीयदेखि प्रदेश सत्तामा वाम वर्चस्व स्थापित गऱ्यो। प्रकारान्तरले माओवादी र एमाले आपसमा गाभिएर नेकपा बने। तर यो सहयात्रा किन टिक्न सकेन ?

स्पष्ट छ, सत्ता र शक्ति साझेदारीमा केपी ओली र प्रचण्डबीचको असमझदारी नै नेकपा विभाजनको कारण थियो । दुई तिहाइ बहुमतको सरकारको लज्जास्पद बहिर्गमन र प्रदेश सरकारहरूबाट वाम सरकारको दयनीय पतनका पछाडि प्रतिगमन र अग्रगमनको होइन, नेतृत्वको स्वार्थको जय र पराजय मुख्य कारण थियो भन्ने बुझ्न अब राजनीतिशास्त्रको नयाँ सिद्धान्त प्रतिपादन हुन आवश्यक छैन ।

वाम गठबन्धन र एकता देशको समृद्धि र विकासका लागि थिएन, न विभाजन नै 'ओली प्रतिपादित प्रतिगमन'विरुद्ध नै थियो। यो त केवल सत्तामा सहभागिता र अवसर उपभोगमा स्वार्थ बाँझिनुको परिणाम मात्र थियो। यी राजनीतिक दृश्यमा ओलीको स्वेच्छाचारी जति जिम्मेवार देखियो, प्रचण्डको अस्थिर प्रवृत्ति पनि कम जिम्मेवार थिएन।

अहिलेको चुनावमा देखिएको सत्ता गठबन्धन पनि स्वार्थको गठजोडबाहेक केही होइन। जहाँनिर नेताको वैयक्तिक लाभको स्वार्थमा धक्का लाग्छ, गठबन्धन त्यहिंबाट मक्किन थाल्नेछ। त्यति बेला पनि प्रचण्ड अस्थिरताको मुख्य खेलाडीको रूपमा प्रकट हुने अनुमान कठिन छैन, जब राजनीतिमा सत्ता र शक्तिको स्वार्थ प्रधान हुन्छ। जनताको हित ओझेलमा पर्दछ। अहिलेको मुख्य चिन्ता र चासोको विषय यत्ति हो। सत्तामा त शेरबहादुर बसून् कि प्रचण्ड, ओली वा माधव वा अरू कोही पात्र, आमजनताले चाहेको स्थायित्व, सुशासन, सापेक्ष विकास र त्यसको प्रत्याभूति मात्रै हो। बितेको पाँच वर्षमा सरकारले जनतालाई प्रत्याभूति दिन नसकेको कुरा नै यही भयो। यस पछाडि राजनीतिक अस्थिरता नै मूल कारण थियो। राजनीतिको ध्यान जति सत्ता गठन, बचाउ र विघटनमा एकोहोरिंदा जनअपेक्षाका सवाल ओझेलमा पर्छन्/परिराखेकै छन्।

भर्खरै खुलेका दलप्रति आकर्षण किन देखियो ? अहिले सतहमा आएका नयाँ दलहरू अचाक्ली राम्रा भएर हुँदै होइन, पुराना दलका 'अनुभवी' भनिएका नेताहरू व्यक्तिगत स्वार्थमा लिप्त हुँदा जनताले आम आवश्यकताको पूर्तिको अनुभूति पाउन सकेन । यसले उत्पादन गरेको असन्तोष नै नयाँ दलप्रतिको आकर्षणको कारण हो । प्रकारान्तरले देश पुनः एकपटक प्रयोगशाला बन्न पुगेको छ । देश जबसम्म प्रयोगशाला मात्रै बनिराख्छ, राजनीतिक स्थायित्वको अभावमा जनताका अपेक्षाहरूको पूर्ति सुदूरतिरै धकेलिनेछन्।

# घाटापूर्ति गर्न आयल निगमले घटाएन पेट्रोलियम पदार्थको मूल्य

काठमाडौं, १७ मङ्सिर/रासस

भारतबाट पेट्रोलियम पदार्थको मूल्य घटेर आए पनि नेपाल आयल निगमले मूल्य नघटाउने जनाएको छ। निगम हाल रु २७ अर्ब घाटामा रहेकाले मूल्य समायोजन नगर्ने भएको हो ।

निगमले शुक्रवार एक विज्ञप्ति जारी गर्दै अन्तर्राष्ट्रिय बजारमा प्रशोधित पेट्रोलियम पदार्थको मूल्यमा आएको उतारचढावले विगत लामो समयदेखि नोक्सानीमा सञ्चालन हुँदै आएको उल्लेख गरेको छ। इन्डियन आयल कर्पोरेशन लिमिटेडबाट यही १५ मङ्सिरमा प्राप्त खरीद मूल्य अनुसार एलपी ग्याँसको मूल्य केही बढेको छ भने पेट्रोल, डिजेल, हवाई इन्धन र मटीतेलमा केही घटेर आएको छ। "मङ्सिर १५ गते पाएको खरीद मूल्यसूचीबमोजिम एलपी ग्याँसमा प्रतिसिलिन्डर रु ४३.९३ ले बढेर आएको छ । एलपी ग्याँसमा निगमलाई हाल प्रतिसिलिन्डर रु २७७.०२ घाटा भइरहेको छ," विज्ञप्तिमा भनिएको छ, "निगमले इन्डियन आयल कर्पोरेशनलाई हालसम्म तिर्न बाँकी रकम, पुरानो बक्यौता तथा नेपाल सरकारलाई तिर्नुपर्ने ऋणसमेत गरी करीब रु २७ अर्ब तिर्न बाँकी छ।"

ग्याँस सिलिन्डर बिक्रीबाट मात्र निगमलाई १५ दिनमा रु ३६ करोड ८५ लाख घाटा हुने देखिएको निगमले जनाएको छ। यद्यपि पेट्रोल, डिजेल, हवाई इन्धन र मटीतेलमा मूल्य घट्दा पनि यथावत् राख्दा १५ दिनमा करीब रु ५८ करोड नाफा हुने निगमले जनाएको छ ।

"हाल अन्तर्राष्ट्रिय बजारमा प्रशोधित पदार्थको मूल्य पुनः घटबढ हुने क्रममा रहेको अवस्थामा पेट्रोलियम पदार्थको आपूर्ति सञ्चालन राख्न र इन्डियन आयल कर्पोरेशन लिमिटेडको बक्यौता एवं सरकारलाई उपलब्ध गराइएको ऋणको व्यवस्थापन गर्न निगमलाई चुनौती रहेकाले हाललाई पेट्रोलियम पदार्थको खुद्रा मूल्य यथावत राखिएको छ," विज्ञप्तिमा भनिएको छ ।


सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

## अन्तर्राष्ट्रिय समाचार

# राष्ट्रपति रामाफोसाको भविष्यबारे छलफल शुरू गरिने

जोहानेसबर्ग, १७ मङ्सिर/सिन्हवा

दक्षिण अफ्रिकाको सत्तारूढ दलले राष्ट्रपति सिरिल रामाफोसाको भविष्यका




बारेमा आइतवार पुनः वार्ता शुरू गर्ने भएको छ।

रामाफोसालाई आफ्नो खेतमा भएको नगद चोरीको कारण पद छोड्न वा पदबाट हट्न बाध्य पार्न दबाब बढिरहेको छ।

अफ्रिकन नेशनल कङ्ग्रेस (एएनसी)ले आफ्नो राष्ट्रिय कार्यकारिणी समितिको विशेष अधिवेशन आइतवारका लागि बोलाएको छ।

समितिले शुक्रवार जोहानेसबर्गमा संक्षिप्त बैठक बसी पत्रकारहरूलाई राष्ट्रपतिविरुद्धको मुद्दाको तथ्यलाई अझ नजीकबाट नियाल्ने बताएको थियो।

पूर्वगुप्तचर प्रमुखले सन् २०२० को फेब्रुअरीमा उत्तरपूर्वी दक्षिण अफ्रिकामा रहेको रामाफोसाको फार्ममा भएको चोरीको घटना प्रहरीबाट लुकाएको भन्दै प्रहरीमा उजूरी परेको थियो।

रामाफोसाले लुटेराहरूलाई अपहरण गर्न र घूस दिई चुपचाप बस्न लगाएको आरोप लगाइएको छ।

रामाफोसाका अनुसार फार्ममा थुप्रिएको ठूलो रकम सुडानी व्यापारीले किनेको भैंसीको भुक्तानी हो।

रामाफोसाले आफ्ना पूर्ववर्ती ज्याकोब जुमाको भ्रष्टाचारमुक्त युगपछि आफूलाई भ्रष्टाचारमुक्तको रूपमा चित्रित गर्ने प्रयासमा यो प्रकरणले छाया पारेको छ।

रामाफोसाले कानूनको गम्भीर उल्लङ्घन र दुर्व्यवहार गरेको हुन सक्ने निष्कर्षसहितको प्रतिवेदन बुधवार संसद्मा पेश गरिएको छ। उक्त प्रतिवेदनको आगामी मङ्गलवार संसद्ले समीक्षा गर्नेछ।

यो बहसले रामाफोसालाई महाभियोग लगाउने विषयमा मतदानको बाटो खोलिदिन सक्छ, जुन शब्द दक्षिण अफ्रिकामा पदबाट हटाउनु हो। यद्यपि रामाफोसाले प्यानललाई बुझाएको निवेदनमा कुनै पनि गलत काम नभएको बताएका छन्।

राष्ट्रपतिलाई यस समयमा कुनै पनि आरोप लगाइएको छैन, र प्रहरी अनुसन्धान जारी छ।

तर रामोफोसाको 'कुशन'मुनि लुकाइएको पाँच लाख डलरभन्दा बढी नगदको विवरणसहितको यो अनियमितता काण्ड उनको लागि सबैभन्दा खराब सम्भव क्षणमा आएको छ।

डिसेम्बर १६ मा उनी संसदीय नेताको लागि चुनाव लड्दै छन्। यो पार्टीको राष्ट्रिय अध्यक्षको रूपमा रहनको लागि पनि महत्त्वपूर्ण छ।

दक्षिण अफ्रिकी प्रेसले शनिवार रामाफोसा पदमा रहिरहनेमा विश्वस्त रहेको जनाएको छ। राष्ट्रपति जनतामाझ एएनसीभन्दा बढी लोकप्रिय रहेको उल्लेख गरेका छन्। रासस

# मध्यपूर्वमा शान्ति स्थापनाका लागि आह्वान

रमल्लाह, १७ मङ्सिर/सिन्हवा

प्यालेस्टाइनका प्रधानमन्त्री मोहम्मद इश्तेयले शुक्रवार इजरायलसँगको द्वन्द्व अन्त्य गर्न मध्यपूर्वमा शान्ति स्थापनार्थ पहल गर्न संयुक्त राष्ट्रसङ्घलाई आह्वान गरेका छन्।

संयुक्त राष्ट्रसङ्घको पश्चिम एशियाको आर्थिक तथा सामाजिक आयोगले प्यालेस्टिनीसँगको अन्तर्राष्ट्रिय ऐक्यबद्धता दिवसको उपलक्ष्यमा न्यूयोर्कस्थित संयुक्त राष्ट्रसङ्घको मुख्यालयमा आयोजना गरेको भर्चुअल बैठकमा इश्तेयले यस्तो टिप्पणी गरेका हुन्।

उनले संयुक्त राष्ट्रसङ्घका सदस्यलाई "संयुक्त राष्ट्रसङ्घमा पूर्ण सदस्यता प्राप्त गर्न प्यालेस्टाइनको आवेदनलाई समर्थन गर्न, प्यालेस्टाइनमा आमचुनाव गराउन इजरायललाई दबाब दिन र प्यालेस्टाइनीविरुद्ध गरेको अपराधको लागि इजरायललाई जवाफदेही बनाउन" आग्रह गरेका हुन्।

प्यालेस्टिनी सन् १९६७ मा इजरायलले कब्जा गरेको प्यालेस्टिनी भूभागमा इजरायलसँगै एउटा स्वतन्त्र राज्य स्थापना गर्न चाहन्छ, जसमा वेस्ट बैंक र गाजापट्टी पनि छ। जसको राजधानी पूर्वीजेरूसेलम हो।

यसैबीच मङ्गलवार संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटरेसले प्यालेस्टिनी जनतासँग एकताको अन्तर्राष्ट्रिय दिवसमा दुई राज्य समाधानको आवश्यकतालाई पुनः पुष्टि गरेका छन्।

"संयुक्त राष्ट्रसङ्घको अडान स्पष्ट छ, शान्ति स्थापना हुनुपर्छ र यस क्षेत्रमा बल प्रयोगका गतिविधि अन्त्य हुनुपर्छ। हामी दुई राज्य (इजरायल र प्यालेस्टाइन) शान्ति र सुरक्षामा एकसाथ अगाडि बढ्ने वातावरण बन्नुपर्छ," उनले सन्देशमा भनेका छन्। रासस

# पाकिस्तानी दूतावासमा भएको हमलाको निन्दा

काबुल, १७ मङ्सिर/सिन्हवा

तालिबानको कामचलाउ सरकारले यहाँस्थित पाकिस्तानी दूतावासमा भएको आतङ्ककारी आक्रमणको निन्दा गर्दै देशमा रहेका कूटनीतिक नियोगहरूलाई सुरक्षा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरेको छ।

"अफगानिस्तानको इस्लामिक इमिरेट्स पाकिस्तानी दूतावासमा भएको असफल आक्रमणको कडा शब्दमा निन्दा गर्दछ, काबुलमा रहेका कूटनीतिक नियोगको सुरक्षामा कुनै कमी हुन दिने छैन," तालिबान प्रशासनको विदेश मन्त्रालयका प्रवक्ता अब्दुल काहर बल्खीले भनेका छन्।

पाकिस्तानी दूतावासमा शुक्रवार अज्ञात बन्दुकधारीले आक्रमण गरेका थिए।

आक्रमणमा त्यहाँ खटिएका एकजना सुरक्षाकर्मी घाइते भएका छन्।

काबुल प्रहरीका प्रवक्ता खालिद जाद्रानले आक्रमणको पुष्टि गर्दै सुरक्षा बलका सदस्य समयमैं आक्रमणस्थलमा पुगेका तथा त्यहाँबाट दुई थान बन्दुकका साथै एकजना संदिग्धलाई पक्राउ गरिएको बताएका छन्।

हालसम्म कुनै समूह वा व्यक्तिले आक्रमणको जिम्मेवारी लिएको छैन। आक्रमणको अनुसन्धान शुरू गरिएको प्रवक्ताले जनाएका छन्।

काबुलस्थित कूटनीतिक नियोगमा विगत चार महीनामा भएको यो दोस्रो आक्रमण हो। यसअघि रूसी दूतावासको प्रवेशद्वारमा भएको आत्मघाती बम आक्रमणमा दूतावासका दुई कर्मचारीसहित छजना मारिएका थिए।

शुक्रवार पाकिस्तानी दूतावासमा भएको आक्रमणको स्वदेश तथा विदेशमा व्यापक निन्दा भएको छ। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष — भाग्योदय | वृष — बेचैनी |
| मिथुन — मनोरञ्जन | कर्कट — सफलता |
| सिंह — प्रगति | कन्या — वादविवाद |
| तुला — यात्रालाभ | वृश्चिक — शत्रुपराजय |
| धनु — सुसमाचार | मकर — उदरपीडा |
| कुम्भ — विजय | मीन — धनलाभ |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो: ३:४० बजे

### लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान

**सभ्य समाजको पहिचानः लैङ्गिक हिंसाविरुद्धको अभियान**

बालविवाह, दाइजोप्रथा, बोक्सीप्रथा जस्ता लैङ्गिक हिंसाका घटना कानूनतः दण्डनीय कार्य हो। यस्ता घटनामा संलग्न व्यक्तिहरूलाई कसूर अनुसार कैद तथा दण्ड जरिवानाको कानूनी व्यवस्था रहेको छ। यस्ता घटना भएको जानकारी पाउनासाथ जो कोहीले नजीकैको प्रहरी कार्यालय वा आपत्कालीन सहयोगको लागि पैसा नलाग्ने नेपाल प्रहरीको १००, राष्ट्रिय महिला आयोगको ११४५, बाल हेल्पलाइन १०९८ र बालबालिका खोजतलाश केन्द्रको १०४ नम्बरमा फोन गरी जानकारी दिन सकिनेछ।

वीरगंज महानगरपालिका कार्यालय


# सन् २०२२ मा नेपालको साढे आठ अर्ब अमेरिकी डलर विप्रेषण पुग्ने अनुमान

काठमाडौं, १७ मङ्सिर/रासस

नेपालमा सन् २०२२ मा विप्रेषण आप्रवाह तीन दशमलव छ प्रतिशतले बढेर साढे आठ अर्ब अमेरिकी डलर पुग्ने अनुमान गरिएको छ।

विश्व बैंकले सार्वजनिक गरेको 'माइग्रेसन एन्ड डेभलपमेन्ट ब्रिफ' रिपोर्ट अनुसार गत वर्षको तुलनामा यस वर्ष विप्रेषण बढ्ने देखिएको हो। सन् २०२१ मा नेपालले आठ अर्ब २० करोड अमेरिकी डलर बराबर विप्रेषण भित्र्याएको थियो।

नेपालले विप्रेषणमार्फत आउने रकम मुद्दती निक्षेपमा राख्दा अतिरिक्त ब्याज दिने व्यवस्था गरेको, दैनिकरूपमा पठाउन सकिने रकमको सीमा बढाएको र विदेशी मुद्रा बचत खाता खोल्न सकिने व्यवस्था लागू गरेपछि त्यसको सकारात्मक प्रभाव देखिएको पनि रिपोर्टमा उल्लेख छ। कुल गार्हस्थ्य उत्पादन (जिडिपी) आकारको तुलनामा बढी विप्रेषण भित्र्याउने मुलुकमा नेपाल अग्रस्थानमा छ। नेपालले सन् २०२२ मा कुल जिडिपीको २२ प्रतिशत बराबर विप्रेषण आर्जन गर्ने अनुमान विश्व बैंकको छ।

सन् २०२२ मा विश्वव्यापी विप्रेषण प्रवाहको वृद्धिदर चार दशमलव नौ प्रतिशत हुने अपेक्षा विश्व बैंकको छ। गत वर्ष अर्थात् सन् २०२१ मा विश्वभर पछिल्लो एक दशकयताकै उच्च विप्रेषण परिचालन भएको थियो। सन् २०२० को तुलनामा सन् २०२१ मा १० दशमलव दुई प्रतिशतले विप्रेषण प्रवाह बढेको विश्व बैंकको रिपोर्टमा उल्लेख छ। कोभिड महामारी, रूस-युक्रेन युद्ध, विश्वभर देखिएको मूल्यवृद्धिलगायत समस्याको असर आप्रवासी कामदार र विप्रेषणमा पनि देखिएको रिपोर्टमा उल्लेख छ।

सन् २०२२ मा दक्षिण एशिया क्षेत्रको विप्रेषण प्राप्ति तीन दशमलव पाँच प्रतिशतले बढ्ने अनुमान गरिएको छ। त्यो गत वर्षभन्दा न्यून हो। गत वर्ष अर्थात् सन् २०२१ मा यो क्षेत्रको विप्रेषण आप्रवाह वृद्धिदर छ दशमलव सात प्रतिशत बराबर थियो। सन् २०२३ मा भने विश्व विप्रेषण वृद्धिदर दुई प्रतिशतमा खुम्चिनेछ। आगामी वर्ष दक्षिण एशियाको विप्रेषण वृद्धिदर शून्य दशमलव सात प्रतिशतमा खुम्चनेछ।

यस वर्ष दक्षिण एशियामा मात्रै एक खर्ब ६३ अर्ब अमेरिकी डलर बराबर विप्रेषण आउने अनुमान विश्व बैंकको छ। जनसङ्ख्याको अनुपातमा आप्रवासी कामदार पठाउने दक्षिण एशियाली मुलुकमा नेपाल तेस्रो स्थानमा छ। अफगानिस्थानले आफ्नो जनसङ्ख्याको १३ दशमलव पाँच, श्रीलङ्काले आठ दशमलव आठ र नेपालले आठ प्रतिशत आप्रवासी कामदार पठाएको छ।

त्यस्तै, भुटानमा छ दशमलव पाँच, बङ्गलादेशमा चार दशमलव आठ, पाकिस्तानमा तीन र भारतमा एक दशमलव तीन प्रतिशत जनसङ्ख्या आप्रवासी कामदारका रूपमा रहेका छन्। निम्न र मध्यम आय भएका मुलुकमध्ये सबैभन्दा बढी विप्रेषण यस वर्ष भारतले भित्र्याउने अनुमान गरिएको छ। भारतले यस वर्ष एक खर्ब अमेरिकी डलर बराबर विप्रेषण भित्र्याउने विश्व बैंकको अनुमान छ। त्यस्तै, मेक्सिकोले ६० अर्ब डलर, चीनले ५१ अर्ब डलर, फिलिपिन्सले २८ अर्ब डलर, अरब रिपब्लिकले ३२ अर्ब डलर, पाकिस्तानले २९ अर्ब डलर, बङ्गलादेशले २१ अर्ब डलर र नाइजेरियाले २१ अर्ब डलर विप्रेषण भित्र्याउने अनुमान गरिएको छ।

# मधेस प्रदेशमा १८ पूर्वमन्त्री पराजित

काठमाडौं, १७ मङ्सिर/रासस

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको अन्तिम परिणाम सार्वजनिक हुँदा मधेस प्रदेशमा १८ जना पूर्वमन्त्री पराजित भएका छन्। कतिपय पूर्वमन्त्री नयाँ अनुहारसँग पराजय भएका छन् भने कतिपयलाई अघिल्ला प्रतिस्पर्धीबाट हार बेहोर्नुपरेको छ। सबैभन्दा बढी धनुषामा मात्रै छ जना पूर्वमन्त्री पराजित भएका छन्।

धनुषाको क्षेत्र नम्बर १ मा नेकपा (माओवादी केन्द्र)का उपमहासचिव तथा पूर्वमन्त्री मात्रिकाप्रसाद यादव अघिल्ला प्रतिस्पर्धी जनता समाजवादी पार्टीका नेता दीपक कार्कीसँग पराजित भएका छन्। गत २०७४ सालको निर्वाचनमा सोही क्षेत्रबाट यादव २६ हजार ४१८ मत प्राप्त गरी विजयी हुँदा कार्की १७ हजार २९६ मत प्राप्त गरेका थिए। यादव गत २०६४ सालको पहिलो संविधानसभा निर्वाचनमा पनि सोही क्षेत्रबाट निर्वाचित भएका थिए।

यस्तै धनुषा क्षेत्र नम्बर २ मा चुनावी प्रतिस्पर्धामा रहेका तीन जना पूर्वमन्त्रीमध्ये पूर्वमन्त्री तथा काङ्ग्रेस नेता रामकृष्ण यादव निर्वाचित भएको भने पूर्वमन्त्री उमाशङ्कर अरगरिया र रामचन्द्र झा पराजित भएका छन्। गत २०७४ सालको निर्वाचनमा अरगरिया निर्वाचन हुँदा झा र यादव पराजित भएका थिए। धनुषा क्षेत्र नं ३ मा पूर्वमन्त्री तथा लोसपा नेता अनिलकुमार झा पराजित भएका छन्।

पूर्वमन्त्री तथा नेकपा (एमाले)का नेत्री जुलीकुमारी महतोसँग झा पराजित भएकी मुख्य निर्वाचन अधिकृत ब्रजेश प्याकुरेलले जानकारी दिए। मुख्य निर्वाचन अधिकृत प्याकुरेलका अनुसार महतोले ३३ हजार ३८८ मत प्राप्त गर्नुभयो भने झाले २३ हजार ६८६ मत ल्याए। धनुषाको क्षेत्र नम्बर ४ मा पूर्वमन्त्री तथा एमालेका सचिव रघुवीर महासेठ दोस्रो पटक विजयी हुँदा पूर्वमन्त्री तथा काङ्ग्रेसका सहमहामन्त्री महेन्द्रयादव पराजित भएका छन्।

निर्वाचन अधिकृतको कार्यालयका अनुसार महासेठले यादवलाई एक सय ४२ मतान्तरले पराजित गरेका छन्। महासेठले ३२ हजार २३६ मत ल्याएर निर्वाचित हुँदा यादवले ३२ हजार ११२ मत प्राप्त गरे। सोही क्षेत्रको प्रदेशसभामा चुनाव लडेका पूर्वराज्यमन्त्री तथा नेकपा (एकीकृत समाजवादी) पार्टीका नेता शत्रुघ्नप्रसाद महतो पनि एमालेका नेता हरिनारायण महतोसँग पराजित भएका छन्।

धनुषामा छ जना पूर्वमन्त्री पराजित हुँदा छिमेकी जिल्ला सिरहामा पनि चार जना पूर्वमन्त्रीलाई पराजय बेहोर्नुपरेको छ। सिरहा क्षेत्र नम्बर १ मा पूर्वमन्त्री तथा काङ्ग्रेस नेता पदमनारायण चौधरी एमालेका रामशङ्कर यादवसँग पराजित भएका छन्। एमालेका यादवले २९ हजार ४६२ मत प्राप्त गरी विजयी हुँदा चौधरीले २७ हजार ३७९ मत प्राप्त गरेका छन्।

सिरहा क्षेत्र नम्बर २ मा पूर्वमन्त्री तथा काङ्ग्रेस नेत्री चित्रलेखा यादव पराजित हुनुभएको छ। उनलाई पूर्वमन्त्री तथा जसपाका नेता राजकिशोर यादवले एक हजार १५० मतान्तरले पराजित गरेका हुन्। त्यहाँ जसपा नेता यादवले २४ हजार १७८ मत प्राप्त गर्दा काङ्ग्रेस नेत्री यादवले २३ हजार २८ मत प्राप्त गरे।

सिरहा क्षेत्र नम्बर ३ मा चुनावी मैदानमा उत्रिएका पूर्वमन्त्री तथा एमाले नेता लिलानाथ श्रेष्ठ निर्वाचित हुँदा अर्का पूर्वमन्त्री तथा माओवादी केन्द्रका नेता विश्वनाथ साह पराजित भए। निर्वाचन अधिकृतको कार्यालयका अनुसार एमाले नेता श्रेष्ठले २८ हजार ६४ मत प्राप्त गर्दा माओवादी नेता साहले २६ हजार ८८२ मत प्राप्त गरेका छन्।

सिरहा क्षेत्र नम्बर ४ मा पूर्वमन्त्री धर्मनाथ साह पनि फराकिलो मतान्तरले पारजित भए। सो क्षेत्रमा जसपाबाट डा वीरेन्द्रप्रसाद महतो २३ हजार १०२ मत ल्याएर विजयी भए भने तेस्रो स्थानमा रहेका पूर्वमन्त्री साहले १४ हजार ६५३ मत मात्र प्राप्त गरे।

उम्मेदवारी दर्तादेखि मतगणनासम्म सर्वाधिक चासोको रूपमा रहेको सप्तरी क्षेत्र नम्बर २ मा पूर्वउपप्रधानमन्त्री तथा जसपा अध्यक्ष उपेन्द्र यादव जनमत पार्टीका अध्यक्ष डा सिके राउतसँग फराकिलो मतान्तरले पराजित भए। जनमत अध्यक्ष डा राउतले ३५ हजार ४२ मत प्राप्त गरी विजयी हुँदा जसपा अध्यक्ष यादवले १६ हजार ९७९ मत प्राप्त गरेको मुख्य निर्वाचन अधिकृत हेमन्त रावलले बताए।

सो क्षेत्रको प्रदेशसभा क्षेत्र नम्बर २ (२) मा चुनाव लडेका पूर्वमन्त्री तथा माओवादी केन्द्र सप्तरीका अध्यक्ष उमेशकुमार यादव आफ्नै पूर्वसहकर्मीबाट पराजित भएका छन्। उम्मेदवारी मनोनयनपत्र दर्ताको पूर्वसन्ध्यामा नेकपा (माओवादी केन्द्र) छाडेर जनमत पार्टीबाट उम्मेदवारी दर्त्ता गराएको महेशप्रसाद यादवले पूर्वमन्त्री यादवलाई पराजित गरेका छन्।

गत २०६४ सालको पहिलो संविधानसभा निर्वाचनमा सप्तरी क्षेत्र नम्बर १ बाट निर्वाचित भई मन्त्रीसमेत भइसकेका हेमराज तातेड यस पटकको प्रदेशसभा सदस्य निर्वाचनमा भने आफ्नो जमानतसमेत जोगाउन सकेन। काङ्ग्रेसले टिकट नदिएपछि सप्तरी क्षेत्र नम्बर १ (१) मा स्वतन्त्र उम्मेदवारी दिएका तातेडले जम्मा ९९२ मत मात्र प्राप्त गरे। सो क्षेत्रबाट एमालेका राजकुमार लेखी १४ हजार २९१ मत प्राप्त गरी विजयी भएका छन्।

महोत्तरीमा पनि दुई जना पूर्वमन्त्री पराजित भएका छन्। महोत्तरी क्षेत्र नम्बर १ मा पटकपटक मन्त्री भइसकेका माओवादी केन्द्रका उपमहासचिव गिरिराजमणि पोखरेल एक हजार ३० मतान्तरले अघिल्लो प्रतिस्पर्धीबाटै पराजित भएका छन्।

एमालेका लक्ष्मी महतो कोइरी २३ हजार चार सय दुई मत ल्याएर विजयी हुँदा पूर्वमन्त्री पोखरेलले २२ हजार ३०२ मत प्राप्त गरे। गत २०७० र २०७४ सालको निर्वाचनमा पोखरेल सोही क्षेत्रबाट निर्वाचित भएका थिए। पूर्वस्वास्थ्य राज्यमन्त्री सुरेन्द्रकुमार यादव पनि पराजित भएका छन्। काङ्ग्रेस नेता महेन्द्र राय महोत्तरी क्षेत्र नम्बर ४ बाट निर्वाचित हुँदा पूर्वराज्यमन्त्री यादव चार हजार एक सय २४ मतान्तरले पराजित भएका छन्।

राय २५ हजार ४२० मत ल्याएर निर्वाचित हुँदा जसपाका यादवले २१ हजार २९६ मतमा सीमित भए। गत २०७४ सालको निर्वाचनमा यादवले रायलाई पाँच हजार मतान्तरले पराजित गरेका थिए। गत २०७४ सालको निर्वाचनमा निर्वाचित भएको धनुषा क्षेत्र नम्बर ३ छाडेर सर्लाही क्षेत्र नम्बर २ बाट चुनाव लडेका पूर्वमन्त्री तथा लोकतान्त्रिक समाजवादी पार्टीका वरिष्ठ नेता राजेन्द्र महतो पनि पराजित भएका छन्।

माओवादी केन्द्रको चुनाव चिन्ह लिएर चुनाव लडेका नेपाल समाजवादी पार्टीका अध्यक्ष महेन्द्रराय यादव सो क्षेत्रबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुँदा महतो दुई हजार ११ मतान्तरले पराजित भएका छन्। महेन्द्र रायले २३ हजार ५२९ मत ल्याएर विजयी हुँदा महतो २१ हजार ५१८ मतमा सीमित भएका छन्।

यसअघि २०७० सालको दोस्रो संविधानसभा निर्वाचनमा पनि तत्कालिन सर्लाही क्षेत्र नम्बर ५ मा महतो महेन्द्र राय यादवसँगै पराजित भएका थिए। गत २०७४ सालको निर्वाचनमा धनुषा

(बाँकी अन्तिम पातामा)

# कन्सर्टको लागि नेपथ्यको साङ्गीतिक टोली वीरगंजमा

प्रस, वीरगंज, १७ मङ्सिर/

मानवसेवा आश्रमको भवन निर्माण



कन्सर्टको लागि विराटनगरमा तयार गरिएको मञ्च। तस्वीरः फाइल/प्रतीक

तथा अक्षयकोष स्थापनार्थ नेपालका चर्चित साङ्गीतिक समूह नेपथ्य ब्यान्डले मङ्सिर १९ गते वीरगंजमा 'नेपथ्य लाइभ कन्सर्ट'को आयोजना गर्न गइरहेको शनिवार पत्रकार सम्मेलन गरी जानकारी गराएको छ।

कन्सर्टका लागि मानवसेवा आश्रमका अध्यक्ष रामजी अधिकारी र नेपथ्यका अमृत गुरुङलगायतको साङ्गीतिक टोली आज वीरगंज आइपुगेको पत्रकार सम्मेलनमा जानकारी गराइयो।

पत्रकार सम्मेलनमा आश्रमका संयोजक गणेश लाठ, डा दीपक शाक्यले मङ्सिर १६ गते विराटनगरबाट शुरू भएको साङ्गीतिक यात्रा पुस १६ गते काठमाडौंमा समापन हुने र मङ्सिर १९ गते सोमवार वीरगंजमा हुने बताए।

मानवसेवा आश्रम सहयोगापेक्षी (बेसहारा, अशक्त, असहाय, अनाथ, अभिभावकविहीन, मानसिक तथा शारीरिकरूपमा कमजोर)को उद्धार, सडक आश्रित मानवोचित व्यवस्थापन, औषधोपचार, पालनपोषण र जीवनरक्षा गर्दै परिवार खोजेर पुनर्मिलनसमेत गराउने अभियानमा एक दशकदेखि निरन्तर सक्रिय रहेको र साङ्गीतिक यात्राबाट मानवसेवा आश्रमको भवन निर्माण तथा २५ करोडको अक्षयकोष स्थापना गर्ने लक्ष्य रहेको बताए।

हेटौंडा मुख्य कार्यालय रहेको आश्रमले देशभर १९ जिल्लाका २३ वटा सेवा केन्द्रमार्फत छ सयभन्दा बढी आश्रित मानवहरूलाई सेवा दिंदै आएको छ।

वीरगंजमा मङ्सिर १९ गते हुन गइरहेको नेपथ्य लाइभ कन्सर्टमा पाँच हजारभन्दा बढी दर्शक सामेल हुने पत्रकार सम्मेलनमा जानकारी गराइएको थियो।

# गीता जयन्ती महायज्ञको पूर्वाङ्ग

प्रस, वीरगंज, १७ मङ्सिर/

७१औं गीता जयन्ती महायज्ञको वैदिक



तस्वीरः सौजन्य

विधिद्वारा वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुबोध गुप्ताले शनिवार गीता मन्दिरमा एक कार्यक्रमका बीच हवन कुण्डमा अग्नि प्रज्वलित गरी पूर्वाङ्गका साथै पूजाआजा गरी शुभारम्भ गरे। उनले महायज्ञको शुभारम्भ गर्दै वीरगंजमा निरन्तर गीता जयन्तीको आयोजना भइरहेकोमा खुशी व्यक्त गरे।

महायज्ञका यजमान वडाध्यक्ष जवाहरप्रसाद गुप्ताद्वारा गीता जयन्ती महायज्ञमा संलग्न आचार्य, उपाचार्य तथा ब्राह्मणहरूको वरण गराएका थिए। कथा प्रवचन गीता मन्दिरमा मोक्षदा एकादशी मङ्सिर १७ गतेदेखि शुरू भएको र महायज्ञ २७ गतेसम्म चल्ने मन्दिरका महासचिव सरोज राणाले बताइन्।

महायज्ञ बिहान ९ देखि १२ बजेसम्म र दिउँसो २ देखि साँझ ५ बजेसम्म चल्ने महासचिव राणाले बताइन्। ७१ वर्षदेखि नेपालमा निरन्तर गीता जयन्तीको आयोजना भइरहेको स्वामी अजय भारतीले बताए। गीता अध्ययन मण्डलका संस्थापक ब्रह्मलीन १००८ स्वामी ईश्वरानन्दले गीता जयन्तीको सर्वप्रथम शुभारम्भ गरेका थिए।

गीता मन्दिर सञ्चालक समितिका अध्यक्ष मदन गुप्ताले सहयोग गर्ने सम्पूर्ण दाता तथा भक्तजनहरूलाई महायज्ञमा सहभागी भई पुण्यको भागी बन्न आग्रह गरे।

पूर्वाङ्ग समारोहमा मन्दिरका महन्त भारत, वाराणासीबाट आएका साधु समाजको ठूलो अखडा पञ्चायती अखडा महानिर्वाणी, शिवालयघाट वाराणासीका थानापति स्वामी अजय भारती, कथावाचक मुख्य आचार्य उमानाथ गजुरेल, उपाचार्य विनोद सापकोटा, गीता मन्दिरका पुजारी अञ्जनी चौबे, माईस्थान मन्दिर सञ्चालक समितिका महासचिव फूलचन्द अग्रवाल, रानी गुप्ता, डा प्रमोद सर्राफ, श्याम पोखरेललगायत भक्तजन, ब्राह्मणहरूको सहभागिता थियो।






# निशुल्क आँखा शिविर सम्पन्न

प्रस, वीरगंज, १७ मङ्सिर/

दाइजो एवं सामाजिक कुरीतिविरुद्ध जागरण मञ्च, वीरगंज कपडा बैंकको



तस्वीरः प्रतीक

संयुक्त आयोजना, जगरनाथपुर गाउँपालिका-२ वडा कार्यालयको सहकार्य तथा दृष्टि आँखा अस्पताल एन्ड रेटिना सेन्टरको प्राविधिक सहयोगमा शनिवार जगरनाथपुर गापाको दसौता गाउँमा निश्शुल्क आँखा शिविर सम्पन्न भएको छ।

नेप्रा विद्यालयमा संस्थाका अध्यक्ष बृजेश्वरप्रसाद चौधरीको अध्यक्षतामा भएको शिविरको उद्घाटन गापा अध्यक्ष श्रीकान्त यादवले गरेका थिए। शिविरमा १४८ जनाको आँखा परीक्षण गरिएको र ४२ जनामा मोतीबिन्दु फेला परेको थियो। मोतीबिन्दु भएका बिरामीहरूको यही मङ्सिर २० र २१ गते दृष्टि आँखा अस्पतालमा ६० प्रतिशत छुटमा शल्यक्रिया गरिने डा अरबिन्द गुप्ताले बताए। शिविरमा वडाध्यक्ष नेपालीप्रसाद कुशवाहा, दृष्टि आँखा अस्पतालमा कोओर्डिनेटर सञ्जय चौधरी, रमेश कुशवाहा, सुधीर केवटलगायतको सहभागिता थियो। कार्यक्रममा स्वागत जयप्रकाश महतो केवटले गरेका थिए।

# खेलकूदको संसार

## ब्रजील र स्वीजरल्यान्ड नकआउट चरणमा

काठमाडौं, १७ मङ्सिर/रासस

फिफा विश्वकप फूटबल २०२२ अन्तर्गत समूह जीचको अन्तिम खेलपछि ब्रजील र स्वीजरल्यान्ड नकआउट चरणमा प्रवेश गरेका छन्।

कतारमा आज भएको खेलमा ब्रजील क्यामरूनसँग १-० गोलअन्तरले पराजित भयो। खेलको इन्जुरी समयमा क्यामरूनका लागि भिन्सेन्ट अबोउबाकारले गोल गर्दै क्यामरूनलाई जीत दिलाए। यद्यपि क्यामरूनका लागि यो जीत अन्तिम १६ मा पुग्नका लागि पर्याप्त भएन।

आज भएको दोस्रो खेलमा स्वीजरल्यान्डले सर्बियालाई ३-२ गोलअन्तरले पराजित गर्दै अन्तिम १६ मा स्थान बनाउन सफल भयो। स्वीजरल्यान्डका लागि जेहेर्दान साकिरीले २०औं मिनेटमा गोल गर्दै अग्रता दिलाए भने सर्बियाका लागि एलेक्जेनडर मितरोभिकले २६औं मिनेटमा गोल गर्दै खेललाई बराबरीमा ल्याए।

साथै, ३५औं मिनेटमा सर्बियाका लागि दुसान भोल्होभिकले गोल गर्दै २-१ गोलअन्तरले सर्बियालाई अग्रता दिलाए पनि स्वीजरल्यान्डका लागि खेलको ४८औं मिनेटमा ब्रिल एम्बोलो र रेमो फ्रेउलेरले क्रमशः ४४औं र ४८औं मिनेटमा गोल गरे। त्यसपछि खेलमा कुनै गोल हुन सकेन र स्वीजरल्यान्ड जीतसँगै नकआउट चरणमा प्रवेश गर्न सफल भयो।

**क्यामरून बन्यो ब्रजीललाई विश्वकपमा हराउने पहिलो अफ्रिकी राष्ट्र**

अन्तर्राष्ट्रिय फूटबल महासङ्घ (फिफा) विश्वकप फूटबल प्रतियोगिताको इतिहासमा अफ्रिकी मुलुक क्यामरूनले शुक्रवार नयाँ इतिहास बनाएको छ। पाँचपटक विश्वकप फूटबलको उपाधि जितेको ब्रजीललाई क्यामरूनले शून्यका विरुद्ध एक गोलले हराएर नवइतिहास रचना गरेको हो।

ब्रजीलसँगको खेलमा सानदान जीत निकालेको क्यामरून समूह चरणको खेलबाट बाहिरिएको छ। यद्यपि क्यामरूनका मुख्य प्रशिक्षक रिगोवर्ट सोङ पाँचपटकको विश्वविजेतालाई आफ्ना खेलाडीले हराएकामा क्यामरून मात्र नभई समग्र अफ्रिकी महादेशका निम्ति गर्वको विषय भएको बताउँछन्। दोभाषेको सहायतामा एशोसिएटेड प्रेससँग कुरा गर्दै उनले युवा वर्गलाई अवसर दिएमा लक्ष्य हासिल गर्न सहज हुने बताए।

आफ्नै युवावयको स्मरण गर्दै उनले स्थानीय फूटबल क्लबमा खेलिरहेको आफूलाई सन् १९९४ को विश्वकपमा आफ्ना प्रशिक्षकले अवसर दिएको बताए। युवाको सामर्थ्यमा विश्वास गरेर नै उनका गुरुले आफूलाई विश्वकप खेल्ने मौका दिएको बताउँदै उनले २४ वर्षीय जेरोम एनगोम एमबेकीलाई मैदानमा उतारेको खुलासा गरे।

### एमाले पर्साको समीक्षा ...

केन्द्रीय सल्लाहकार परिषद्का सदस्य विजय सरावगीलगायत थिए।

जिल्लास्थित प्रदेश कमिटीका अधिकांश सदस्यको सहभागिता रहेको उक्त बैठकमा यसअघि नै जिल्ला पदाधिकारी, उपल्लो कमिटी र उम्मेदवारहरूको सहभागितामा सम्पन्न बैठकको निचोड प्रस्तुत गरिएको थियो। सोही आधारमा कारबाई प्रक्रिया अगाडि बढेको अध्यक्ष थारूले बताए।

स्पष्टीकरण सोधिएकाहरूले समयमा उचित जवाफ नदिए पार्टी विधान अनुसार कारबाई हुने उनले प्रस्टयाएका छन्। जवाफको क्रममा सम्बन्धित सदस्यले आफू सम्बद्ध कमिटीको निर्णयसमेत संलग्न गर्न सकिने उनले बताएका छन्।

जिल्ला इन्चार्जको मत र पदाधिकारी बैठकको निर्णय बाझिएपछि केहीबेर विवाद भएको थियो। कारबाईको निम्ति तल्लो कमिटीदेखि समीक्षा हुँदै जिल्लामा आउनुपर्ने इन्चार्ज हजराको भनाइ छ। उनले आफूमाथि कारबाईको सिफारिश गरिनु प्रतिशोधपूर्ण र खुट्टा तान्ने तथा मानमर्दन गर्ने उद्देश्यले प्रेरित रहेको आरोप लगाए।

त्यसैगरी, साधारण सदस्यबाट समेत हटाइएका जिल्ला कमिटी सदस्य तथा छिपहरमाई गाउँपालिकाका अध्यक्ष गुप्ताले आफूलाई प्रभु साहको समूहमा लागेको भनेर मिथ्या आरोप लगाइए त्यो मान्य नहुने चेतावनी दिए। बैठकमा नै उपस्थित गुप्ताले गाउँ पार्टी कमिटीका अध्यक्षसमेत रहेका आफ्नो हजुरबुबा प्रदेशसभाका लागि स्वतन्त्र उम्मेदवार बन्नुमा आफनो दोष नभएको बताए। उनले पार्टीकै जिम्मेवार नेताहरूका दाजुभाइ अलग-अलग पार्टीमा रहेर राजनीति गरिरहेको उदाहरण दिंदै आफ्नो दोष पुष्टि गर्न चुनौती दिएका थिए।

### मधेस प्रदेशमा ...

क्षेत्र नम्बर ३ मा नेपाली काङ्ग्रेसका पूर्वउपसभापति विमलेन्द्र निधिलाई पराजित गरेर महतो सांसद भएका थिए।

वर्तमान सरकारको खानेपानीमन्त्री तथा काङ्ग्रेसका सहमहामन्त्री उमाकान्त चौधरी बारा क्षेत्र नम्बर १ मा पराजित भएका छन्।

जहाँ एमालेका अच्युतप्रसाद मैनाली ३९ हजार १९५ मत ल्याएर विजयी भएका छन्। मन्त्री चौधरीले भने ३० हजार ५६ मत मात्र प्राप्त गरे। पूर्वमन्त्री तथा एमाले नेता एकबाल मियाँ बारा क्षेत्र नम्बर ४ मा नेकपा (एकीकृत समाजवादी)का नेता कृष्णकुमार श्रेष्ठसँग पराजित भएका छन्।

श्रेष्ठले ३० हजार ३४१ मत ल्याएर विजयी हुँदा पूर्वमन्त्री मियाँ भने २० हजार ३३६ मत प्राप्त गरेका छन्।

यस्तै पूर्वमन्त्री तथा काङ्ग्रेस नेता सुरेन्द्रप्रसाद चौधरी पर्सा क्षेत्र नम्बर ३ मा एमालेका राजकुमार गुप्तासँग पराजित भएका छन्। निर्वाचित भएका एमालेका गुप्ताले २४ हजार ३१९ मत ल्याए भने चौधरीले २४ हजार १५२ मत ल्याए।

चुनाव जितेर गएपछि नेताहरू जनतासँग गरेको वाचा बिर्सिने, नातावाद, कृपावादमा रमाउने, विकास निर्माणमा ध्यान नदिने र सत्ता लिप्सामा लाग्ने गरेकाले सत्ता भोग गरिसकेका नेतालाई यसपटकको निर्वाचनमा मतदाताले पाखा लगाएको स्थानीय बुद्धिजीवीको भनाइ छ। 'चुनावका बेला मतदातालाई लोभ्याउन ठूला ठूला नारा दिने तर निर्वाचित भएपछि नेता बिर्सिने गरेका छन्, राजविराज नगरपालिकाका स्थानीयवासी विजयानन्द झाले भने, 'त्यसैको परिणाम स्वरूप अहिले ठूला ठूला नेताहरूलाई मतदाताले अस्वीकार गरेको देखिन्छ।' अब पनि नेताहरू नसुध्रिए उनीहरूका लागि आगामी चुनावमा झन असहज हुने उनको कथन छ।

यता यसरी चुनाव हारेका अधिकांश पूर्वमन्त्रीले पार्टी र गठबन्धनभित्रको घात अन्तरघातका कारण पराजय भएको बताएका छन्।

'अन्य कारणभन्दा पनि पार्टी र गठबन्धन दलभित्रको घात अन्तरघातका कारण जित्ने चुनाव पनि हारेको छु', माओवादी नेता तथा सिरहा क्षेत्र नम्बर ३ मा पराजित विश्वनाथ साहले भने, 'हाम्रो क्षेत्रमा गठबन्धनका मत बढी छ, त्यो जितको लागि पर्याप्त नै हो तर गठबन्धनमा आबद्ध दलका नेताको असहयोग र घात अन्तरघातले चुनाव गुमाए।' यसको विषयमा हामी गम्भीर समीक्षा गर्छौं उनको भनाइ थियो।


## ट्राफिक नियमको पालना गरौं।

- बाटो काट्दा जेब्रा क्रसिङको प्रयोग गरौं,
- सडक बत्ती हेरेर मात्र बाटो काटौं,
- सडक तथा सडक किनारामा जथाभावी सवारीसाधन पार्किङ नगरौं,
- तोकिएको स्थानमा मात्र सवारीसाधन पार्किङ गरौं,
- पैदलयात्रीले फुटपाथ तथा आकाशे पुलको प्रयोग गरौं।

**सडक दुर्घटनाबाट आफू पनि बचौं,**
**अरूलाई पनि बचाऔं।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**